## बौदीकाली गाउँपालिकाको सोह्रौं गाउँसभामा गाउँपालिका अध्यक्ष श्री प्रकाश ओझा ज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमहरु

**सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरु,**

बौदीकाली गाउँपालिकावासीहरुले अनुमोदन गरेको कार्यकालको चौँथो वर्ष सफलतापूर्वक पूरा गरी पाचौं वर्षमा प्रवेश गर्दा हामी पालिकावासीहरुको अनुहारमा आशा, विश्वास र सकारात्मकताको झल्को देखिरहेका छौं ।नेपालको संविधानले स्थानीय सरकारलाई जनताको घरदैलोमा सेवा दिनेगरी स्वायत्त, अधिकार सम्पन्न र उत्तरदायी सरकारको रुपमा परिभाषित गरेको छ । यसै अनुरुप हाम्रो गाउँपालिकाले विगतको बर्षहरुमा स्वशासन, स्वावलम्बन र विकासको नयाँ यात्रा प्रारम्भ सँगै आर्थिक, सामाजिक र भौतिक पूर्वाधारको विकासमा उल्लेखनीय प्रगति गर्दै आएको छ ।

यस गरिमामय सभामा उपस्थित भएर यो नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा हामीलाई निर्वाचित गर्नुहुने बौदीकालीबासी बुबा, आमा, दाजुभाई तथा दिदिबहिनीहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।साथै संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था प्राप्तिका लागि सहादत प्राप्त ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

यो नीति तथा कार्यक्रम तयार गर्दा हामीले संघीय लोकतान्त्रिक प्रणालीलाई आत्मसात गर्दै स्थानीय आवश्यकता, जनचाहना, दिगो विकास लक्ष्य, राष्ट्रिय योजना आयोगको मार्गनिर्देशन, प्रदेश सरकारको समन्वय र स्थानीय स्रोत साधनको अधिकतम प्रयोगलाई प्राथमिकतामा राखेका छौं । नयाँ सोंच, नयाँ दृष्टिकोण र नवीन कार्यशैली अवलम्बन गरी जनताको जीवनस्तर उकास्दै शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, रोजगारी, र सुशासनमा सुधार ल्याउनु हाम्रो मुख्य ध्येय रहेको छ । समय बदलिदैं छ — अब गाउँ विकासका योजना कार्यालयका फाइलमा सिमित रहने होइनन् हरेक बस्ती, टोल, खेतबारी र श्रमिकको पसिनासँग गाँसिएर मूर्त रुप लिनुपर्छ ।

हाम्रो बौदीकाली गाउँपालिका प्रचुर सम्भावनाले भरिपूर्ण छ । यहाँका उर्वर भूमि, खुला आकाश, कालीगण्डकी नदि लगायतका नदिनाला, बनजंगल, धार्मिक स्थल, ऐतिहासिक स्मृति र मेहनती जनशक्ति नै हाम्रा सम्पत्ति हुन् ।यी सम्भावनाहरुलाई परिणाममा बदल्नको लागि योजनाबद्ध लगानी, जनसहभागिता, सर्वपक्षीय सहकार्य, पारदर्शिता र दुरदृष्टि आवश्यक छ ।

मैले विश्वास राखेको छु- विकासको मुख्य धरोहर भनेकै युवा शक्ति हो । यहाँ युवाहरुमा सीप, जोश, जाँगर, प्रविधि अपनाउने क्षमता र देशलाई परिवर्तन गर्ने आँट छ । त्यसैले नीति तथा कार्यक्रममा युवा स्वरोजगार, सीप विकास तालिम, उद्यमशीलता विकास लगायतका विषयहरुलाई प्राथमिकतामा

राखिएको छ ।सामाजिक न्याय सहितको उच्च आर्थिक वृद्धिका लागि सबल र दिगो भौतिक पूर्वाधार, सूचना प्रविधिको उच्चतम प्रयोग र सबै क्षेत्रमा समयानुकूल नवप्रवर्तन अति जरुरी छ । त्यस्तै महिला शसक्तीकरण, दलित तथा विपन्न वर्गको जीवन सुधार, अपाङ्ग, जेष्ठ नागरिक र एकल महिलाका लागी सम्मानजनक जीवन प्रत्याभूत गर्न हामी कटिबद्ध छौं।

हामीलाई थाहा छ- शिक्षित मानव संशाधन बिना कुनै पनि विकास सम्भव छैन। तसर्थ विद्यालय स्तरोन्नति, डिजिटल शिक्षण, छात्रवृत्ति, शिक्षालय भौतिक सुधारमा विशेष महत्व दिईएको छ ।
स्वस्थ जिवन जिउने हरेक नागरिकको मौलिक हक हो — यो चेतना सँगै नागरिकलाई स्वास्थ्य सेवामा सहज पहुँच स्थापित गराउन विभिन्न कार्यक्रम तयार गरिनेछ।

कृषि हाम्रो क्षेत्रको आय आर्जनको सम्भावना बोकेको क्षेत्र भएको र जिविकोपार्जनसँग समेत प्रत्यक्ष रुपमा जोडिएको विषय भएको हुँदा कृषिलाई व्यावसायिक बनाउन नीति तथा कार्यक्रमले विशेष जोड दिइएको छ ।

संघीयता कार्यान्वयन भएतापनि वित्तीय संघीयताले मूर्त रुप नपाइसकेको वर्तमान परिप्रेक्ष्यमा गाउँपालिकाको आन्तरिक स्रोत, संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त अनुदान अपर्याप्त छन् । यद्यपी स्थानीय स्रोतको अधिकतम परिचालन, स्रोतको कुशलतम विनियोजन, कर प्रणालीमा सुधार, उद्यमशीलता एवं पर्यटन प्रवर्द्धन मार्फत आन्तरिक आय बृद्धि गर्ने नीति लिइएको छ ।

नेपाल सरकारले लिएको "समृद्ध नेपाल सुखी नेपाली" को लक्ष्यलाई प्राप्त गर्न यस गाउँपालिकाले पनि गाउँपालिकाबासीको सुख र समृद्धिको लागि सडक पूर्वाधार, कृषि तथा पशु क्षेत्रको उत्पादन वृद्धि, स्वास्थ्य क्षेत्रको प्रभावकारी सेवा, शिक्षामा गुणस्तर सुधार,सामाजिक क्षेत्रमा भावनात्मक सम्बन्ध वृद्धि जस्ता प्रयासले गाउँपालिकाको समग्र विकासको मार्ग चित्र तयार पारिएको छ। यस सँगै हामीले पर्यटनलाई स्थानीय अर्थतन्त्रको महत्वपूर्ण आधारशीलाको रुपमा विकास गरी स्वदेशी एवं विदेशी पर्यटन प्रवर्द्धन गरी बौदीकाली गाउँपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने संकल्प लिएका छौं । विकास र समृद्धिका लागि गाउँपालिकाको प्रयास यिनै कार्यहरु सम्पादन गर्न तल्लीन रहेको कुरा म यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

हामीहरुसँग जन-चाहना पूरा गरी नागरिक सन्तुष्टि हासिल गर्न सर्वपक्षीय अवसरहरु रहेका छन् । जस्तै, प्राकृतिक स्रोत साधनको समृद्धि, कृषिमा आधुनिकीकरणको सम्भावना, स्थानीय ऐतिहासिक, धार्मिक, प्राकृतिक स्थलहरुको संरक्षण तथा प्रवर्द्धन मार्फत स्थानीय पर्यटन विकास, होमस्टे कार्यक्रम, साहसिक पर्यटनको सम्भावना, स्वरोजगार तथा उद्यमशीलता विकासका लागि विभिन्न सरकारी योजना, संघ र प्रदेश सरकारको विशेष अनुदान कार्यक्रम, शिक्षा र स्वास्थ्य क्षेत्र सुधारोन्मुख, डिजिटल साक्षरता

सहितका युवा जनशक्ति, विकास योजना तथा कार्यक्रममा नागरिक संलग्नता र सरोकारमा वृद्धि, स्थानीय कला, संकृति तथा परम्परागत सीप, स्वदेश तथा वैदेशिक रोजगारीबाट सीप सिकेका युवा जनशक्ति।

यिनै अवसर सँगै तराईको जिल्लामा अवस्थित पहाडी क्षेत्र भएकाले हामी विच चुनौती पनि प्रशस्तै छन्।

आन्तरिक राजश्व संकलनको कमजोर अवस्था, संघ र प्रदेश सरकारको अनुदानमा आधारित विकास कार्यक्रम, आधारभूत पूर्वाधारकै कमजोर अवस्था, न्यून भौतिक सुविधा, बेरोजगारी, बसाइसराई, बैदेशिक रोजगारमा निर्भरता, प्राकृतिक प्रकोपको जोखिम, सीमित आर्थिक क्षमता, सामाजिक विविधता र समावेशीताको चुनौती, वित्तीय अनुशासन र बजेट कार्यान्वयन चुनौती, कृषि उत्पादनमा परनिर्भरता, जलवायु परिवर्तन तथा पर्यावरणीय समस्या, भौगोलिक विकटता, स्वास्थ्य तथा शिक्षा क्षेत्रमा गुणस्तर अभाव, बालविवाह लगायतको सामाजिक विकृति, दलित, महिला तथा सिमान्तकृत समुदायको मूलप्रवाहीकरणमा चुनौती, आकस्मिक विपद व्यवस्थापन संरचना र पूर्वाधारको अभाव आदी इत्यादी।

अवसर भन्दा चुनौतीको भार ज्यादा भएतापनि गाउँपालिकाको समृद्धिका लागि उपलब्ध अवसरहरुको अधिकतम सदुपयोग गरी चुनौती सामना गर्न हामी प्रतिवद्ध छौं ।

आर्थिक वर्षका नीति तथा कार्यक्रम तयार गर्न मैले नेपालको संविधान, स्थानीय सरकारका नीति तथा कार्यक्रम तर्जुमा गर्न तयार गरीएका प्रचलित कानूनी व्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय तहका नीति, योजना र लक्ष्य, निर्वाचन घोषणा पत्रका साथै हामी निर्वाचित भएर हालसम्म स्थानीय सरकार सञ्चालन गर्दा प्राप्त गरेका अनुभव तथा सिकाईहरुलाई मूख्य आधारको रुपमा लिएको छु ।

यो गरिमामय सभामा उपस्थित भएर बोल्दै गर्दा म गर्वका साथ भन्छु- प्रस्तुत नीति तथा कार्यक्रम बौदीकाली गाउँपालिकाको किसान, मजदुर, शिक्षक, युवा, महिला , अपाङ्ग, बालबालिका , जेष्ठ नागरिक, व्यापारी र हाम्रो गाउँको समृद्धि प्रतिको दृढ प्रतिवद्धताको प्रतिक हो ।यही आशा, यही सपना र यही प्रतिबद्धता सहित " खानेपानी, कृषि, पर्यटन र पूर्वाधार : बौदीकाली विकासको मूल आधार " भन्ने नारा सहित यो नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**सभाका सदस्यज्यूहरु,**

आ.व. २०८३/८४ मा प्राथमिकता प्राप्त प्रमुख कार्यक्रमहरु आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन तथा वातावरण र सुशासन तथा संस्थागत विकासमा केन्द्रित हुनेछन् ।

आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम विषयगत समितिको सिफारिसमा प्रस्तुत गर्ने प्रयास गरीएको छ । यस सभामा आउने सकारात्मक सुझावहरुलाई यस नीतिको मार्गदर्शक सिद्धान्तको रुपमा समावेश गरी संशोधन सहित यो नीति तथा कार्यक्रम यस गरीमामय सभाबाट पारित हुनेछ भन्ने आशाका साथ म यस सभामा आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

अब म आर्थिक बर्ष २०८३/०८४ को दीर्घकालीन सोच, उद्देश्य, नीति तथा कार्यक्रमको बारेमा संक्षिप्त उल्लेख गर्न चाहन्छु।

**गाउँपालिकाको दीर्घकालीन सोंच :**

"खानेपानी, कृषि, पर्यटन र पूर्वाधार : बौदीकाली विकासको मूल आधार" भन्ने मूल नाराका साथ विकासका सबै भौतिक पूर्वाधार, आर्थिक तथा सामाजिक विकास एवं मानवीय क्षमता विकास गरी समृद्ध आधुनिक र सुन्दर गाउँपालिका बनाउँदै सुशासन, गरिबी निवारण एवं रोजगारीको सुनिश्चिततामा योगदान पुर्‍याउने।

**उद्देश्य**

जनसहभागिता सहितको दीगो विकास र विकासका प्रतिफलहरुको समन्यायिक वितरण गरी गाउँपालिकामा रहेको विद्यमान बेरोजगारी, बहुआयामिक गरिबी र असमानता घटाई सामाजिक, आर्थिक रुपान्तरण गर्ने।

आर्थिक वर्ष २०८३/०८४ का प्राथमिकता क्षेत्र :

- गाउँपालिकामा भित्र हुने उत्पादनलाई आधुनिकीकरण गरी कृषि उत्पादनलाई व्यावसायिक तवरले सञ्चालन गर्ने वातावरणको सिर्जना गर्ने।
- गाउँपालिकामा रहेका धार्मिक तथा पर्यटकीय स्थलहरुको पहिचान गरी देश विदेशमा प्रचार प्रसारको माध्यमबाट पर्यटन क्षेत्रमा आमूल परिवर्तन ल्याउने।

- कृषियोग्य बाँझो जमिनलाई उपयोग गर्ने।
- शैक्षिक संस्थाहरुमा रहेका विभिन्न समस्याहरुको समाधान गरी शैक्षिक गुणस्तरमा सुधार गर्ने।
- मानवीय पक्षका विभिन्न समस्याहरुको अध्ययन गरी रोजगारीका अवसरहरुको सिर्जना गर्ने।
- यस गाउँपालिकामा रहेको भूमि सम्बन्धी समस्यालाई दीर्घकालीन रुपमा समाधान गर्ने।
- साना तथा मझौला उद्योगहरुको उत्पादनबाट गाउँपालिकालाई आत्म निर्भर गराउने।
- यस आर्थिक वर्ष देखि अनुदान प्राप्त गर्ने कृषक, कृषक समूह, संस्थाको सम्पूर्ण जानकारी जनताले देखिने गरी उपलब्ध गराउने।
- अन्तरपालिका समन्वयको लागि आवश्यक कार्यक्रम संचालन गर्ने।
- विद्यार्थीको लागि सीप सप्ताह संचालन गर्ने।
- योजना कार्यान्वयन निर्देशिका तयार गरी सोही अनुसार योजना कार्यान्वयन गर्ने।
- दूध एवं पशुजन्य उत्पादन बृद्धि गरी बजारीकरण गर्ने।
- सबै जातिहरुको भाषा, कला तथा संस्कृति संरक्षण र प्रवर्द्धमा विशेष जोड दिने। मगर जातिहरुको बाहुल्यता भएको क्षेत्रमा मगर संग्रहालयको स्थापना गर्ने।
- उपभोक्ता समितिलाई सहजताको लागि वडा प्राविधिकलाई पूर्ण जिम्मेवार बनाउने।
- भ्रष्टाचाररहित, चुस्त, सहज, सक्षम, उत्तरदायी, जिम्मेवार कर्मचारी सहितको सेवा प्रवाह गरी सुशासन कायम गर्ने।
- खुल्ला सडक कायम गरिने साथै शीतलताको लागि तोकिएका क्षेत्रमा छहारीजन्य बिरुवा वृक्षारोपण गर्ने।
- सबै प्रकारका भेदभाव, कुरिति, सुसंस्कार र सामाजिक विकृतिको अन्त्य गर्ने।
- किशोरी आत्मरक्षाका लागि आवश्यक नीति बनाई कार्यान्वयन गर्ने।
- घरनक्सा पास सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने।
- मसलाजन्य पदार्थको उत्पादनमा जोड दिने नीति लिने।
- उत्कृष्ट विद्यालय, उत्कृष्ट समाज, उत्कृष्ट टोल निर्माणमा काम गर्ने।
- लोपोन्मुख परम्परागत प्रविधिहरुको संरक्षण गर्ने।
- आत्मनिर्भर उन्मुख गाउँपालिका बनाउनका लागि आम्दानीका स्रोतहरुको पहिचान, उचित उपभोग गरिने, करका दर न्यूनतम राखी दायरा फराकिलो बनाउने।
- सामाजिक विकासको लागि बुद्धिजीवी परिषद् निर्माण गरी कार्यान्वयन गर्ने।
- सामाजिक उत्तरदायित्व अभिवृद्धिका लागि सामाजिक परिचालन र जागरण गर्ने।
- विकास निर्माण गर्दा भविष्यका पिढीको अधिकारको रक्षा हुने गरी दीगोपनामा ध्यान दिने।

माथि प्रस्तुत गरिएका प्राथमिकताहरूको कार्यान्वयन गर्न हामी सामु तपसिल अनुसारका विभिन्न चुनौतीहरु रहेको मैले महसुस गरेको छु।

- कृषिको क्षेत्रमा रहेका विभिन्न आधुनिक प्रविधि प्रयोग गरी गाउँपालिकामा गरिने कृषिका कार्यहरुमा कृषकको रुची र अपनत्व वृद्धि गर्ने।
- आर्थिक सामाजिक क्षेत्रको विकासलाई जनताको रोजाइमा पारी भौतिक विकास र मानवीय विकासलाई सँगसँगै लैजाने वातावरणको सिर्जना गर्ने।
- गाउँपालिकाका युवाहरुलाई गाउँपालिका भित्रै रोजगारीमा आकर्षित गरी वैदेशिक रोजगारीमा जान रोक्ने। वैदेशिक रोजगारीबाट सीप सिकी फर्केका युवाहरुलाई गाउँपालिकामा उचित रोजगारी वा स्वरोजगारीका अवसरहरु सिर्जना गरी निजको सीपको प्रयोग गरी विकासमा लगाउने।
- गाउँपालिकामा रहेका विभिन्न आम्दानीका स्रोतहरुलाई प्रयोग गरी गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने।
- टुक्रे योजना एवं अनुत्पादक क्षेत्रमा लगानी घटाउँदै लैजाने।

**गाउँसभाका सदस्यज्यूहरु,**

यस अवधिमा हामीले अवलम्बन गरेका नीतिहरु, सञ्चालन गरेका विकास निर्माण, कला संस्कृति र सम्पदाको संरक्षण, सेवा प्रवाह र सुशासनका क्षेत्रमा गरेका प्रयास तथा उपलब्धिहरु मध्ये मुख्य मुख्य विषय र क्षेत्रहरुको बारेमा संक्षेपमा प्रकाश पार्न चाहन्छुः-

**यस अवधिमा हासिल भएका उल्लेख्य उपलब्धिहरूः**

- गाउँपालिकाको विकास र समृद्धिको यात्रामा दिगो पूर्वाधार निर्माणलाई प्राथमिकता दिँदै प्रमुख सडकहरूलाई बाह्रै महिना चल्ने (All Weather Road) बनाउने उद्देश्य अनुरूप उल्लेख्य प्रगति हासिल भएका छन ।
- हालसम्म स्थानीय प्रयासबाट **२.७ कि.मी. सडक कालोपत्रे, ३ कि.मी. ढलान,** र **७.५ कि. मि ग्राभेल** सडक निर्माण कार्य सम्पन्न भएको छ। सिंहटारी-अकलादेवी सडक कालोपत्रे गर्ने काम सम्पन्न भएको छ । पुरानो नरम जारेभङ्याङ सडक ट्र्याक ओपनको कार्य सम्पन्न् गरिएको छ ।
- **ईल्दीखोला मोटरेवल पुल**को शिलन्यास भई निर्माण कार्य प्रारम्भ भएको छ। साथै, **चुवार्दी खोला बेलीब्रिज** निर्माण कार्य अगाडि बढाइएको छ। गाउँपालिकाको आफ्नै नवनिर्मित प्रशासनिक

भवन र सबै वडा कार्यालयका आफ्नै भवनहरू निर्माण भई सहज रूपमा सेवा प्रवाह भइरहेको छ। साथै विभिन्न सामूदायिक भवनहरूको निर्माण कार्य समेत सम्पन्न भइसकेको छ । राष्ट्रिय विद्युत प्रसारण लाइनलाई सवै वडामा विस्तार गरी विद्युत जडान गरिएको छ।

- विद्यालयहरूमा **ICT Lab** र **Science Lab** को स्थापना, होमवर्क सेन्टर सञ्चालन, छात्रवृत्ति वितरण, र अतिरिक्त कक्षाहरू सञ्चालन गरिएका छन्। यसै प्रयासका कारण माध्यमिक शिक्षा परीक्षा (**SEE**) को नतिजामा गुणात्मक सुधार आएको छ । स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने गरी **स्थानीय पाठ्यक्रम** निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। युवा तथा विद्यार्थीहरूको खेल प्रतिभा प्रवर्द्धनका लागि 'राष्ट्रपति रनिङ शिल्ड' र 'अध्यक्ष कप' प्रतियोगिताहरू सफलतापूर्वक सम्पन्न गरिएका छन्।
- रकुवा प्राथमिक स्वास्थ्य केन्द्रलाई **१५ शैयाको आधारभूत अस्पताल**मा रूपान्तरण गरी व्यवस्थित गरिएको छ। स्वास्थ्य सेवालाई सुलभ बनाउन एम्बुलेन्स खरिद गरी प्रभावकारी परिचालन गरिएको छ। सुत्केरी यातायात' र 'सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम' मार्फत मातृ-शिशु स्वास्थ्यलाई प्राथमिकता दिइएको छ। प्रविधिको उच्चतम् प्रयोग गर्दै **AI (कृत्रिम बुद्धिमत्ता) मा आधारित छाती रोग परीक्षण** सेवा सुरु गरिएको छ। साथै, आँखा तथा ज्येष्ठ नागरिक स्वास्थ्य शिविर र योग कक्षाहरू सञ्चालन गरिएका छन् ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई नागरिकको घरदैलो (वडामै) पुगेर वितरण गर्ने व्यवस्था मिलाइएको छ। एकल पुरुष लक्षित कार्यक्रम, विपन्न घर परिवारका लागि आवास निर्माण र विपद् प्रभावित परिवारहरूलाई जस्तापाता वितरण कार्य सम्पन्न गरिएको छ।
- कृषकसँगको सहकार्यमा दुग्धजन्य पदार्थ उत्पादन, गोठ सुधार, र उन्नत जातका पशु तथा घाँसे बीउ वितरण गरिएको छ। च्याउ र मसला बाली प्रवर्द्धनका साथै साना सिँचाई र कृषि यान्त्रिकीकरणका कार्यक्रमहरू सम्पन्न गरिएका छ। दुग्दजन्य उत्पादन र उत्पादकत्व बृद्धिका लागि कृषक प्रोत्साहन सहित अनुदान र कर्जा कार्यक्रम बनाई सफल कार्यान्वयन गरिएको छ।
- शान्ति सुरक्षाका लागि मुख्य क्षेत्रहरूमा **सी.सी. टिभी** जडान कार्यलाई थप गरी थप व्यवस्थित गरिएको छ । **गाउँ**पालिकाको कार्यप्रणालीलाई सुरक्षित, पारदर्शी र आधुनिक बनाउन केन्द्रदेखि

सबै वडा कार्यालयहरूमा क्रमशः **CCTV** र **Wired Internet** प्रणाली जडान गरी नेटवर्कमा आबद्ध गरिएको छ ।

- गाउँपालिकाले संस्थागत क्षमता र शुसासनको क्षेत्रमा व्यवस्थित कार्ययोजना कार्यन्वयन मार्फत गाउपालिकाको बेरुजु अधिकतम फछ्र्यौट गरी अघिल्लो आ.व. मा कम बेरुजु हुने पालिकाहरुमा गण्डकी प्रदेशमै उत्कृष्ठ (गण्डकी प्रदेशमै आठौ) स्थान प्राप्त गरेको छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

आगामी आ.व. २०८३/०८४ को बजेट निर्माणका लागि यस गाउँपालिकाले विभिन्न सरोकारवालाहरुको सुझाव संकलन गर्ने कार्य सम्पन्न गरी प्राप्त सुझावहरुलाई नीति तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरिएको छ। यस गाउँपालिकाका विभिन्न विषयगत समितिहरुको समेत सिफारिसमा यस वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ। यस सभामा आउने सकारात्मक सुझावहरुलाई यस नीतिको मार्गदर्शक सिद्धान्तको रुपमा समावेश गरी संशोधन सहित यो नीति तथा कार्यक्रम यस गरीमामय सभाबाट पारित हुनेछ भन्ने आशाका साथ म यस सभामा आगामी आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

# आर्थिक विकास

## कृषि तथा पशु सेवा

१. कृषिको माध्यामबाट आय आर्जन एवंम् स्वरोजगार विकासको लागि विशेष प्राथमिकता दिइनेछ। कृषि उत्पादनलाई व्यावसायिकीकरण गरी रोजगारी सिर्जना गर्ने तर्फ जोड दिइनेछ। कृषि उपजको सहज र सुरक्षित भण्डारणको लागि चिस्यान केन्द्र निर्माण गरिनेछ।

२. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । भुमिको अपर्याप्तताको कारण कृषिकार्यमा जोडिन इच्छा भएर पनि नसकेका कृषकहरुलाई भूमि बैंकको व्यवस्था गरी  सहुलियत दरमा जग्गा उपलब्ध गराउने व्यवस्था मिलाईनेछ। उत्पादनमा आधारित कृषि/पशु कार्यक्रम, कृषि ऋणमा ब्याज अनुदानका कार्यक्रम संचालन गरिनेछ ।निशुल्क माटो परीक्षण कार्यका लागि गाउँपालिकामा स्थापना भएको मिनि माटो प्रयोगशालालाई व्यवस्थित गरी सबै कृषको पहुँच स्थापित गराईनेछ ।

३. दुग्घजन्य वस्तुहरुको विकास र ब्रान्डीङ गरी बौदीकाली गाउँपालिकालाई दुग्घजन्य वस्तुहरुको उत्पादनको केन्द्रको रुपमा विकास गरिनेछ ।उत्पादनमा अनुदान र कृषि ऋणमा व्याज अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ । गाउँपालिकाभित्र उत्पादन हुने कृषि तथा पशुजन्य उत्पादनलाई बजारको पहुँचमा पुर्‍याउन निःशुल्क कृषि एम्वुलेन्स (ढुवानी सेवा) कार्यक्रमलाई निरन्तरता दिईनेछ।

४. कृषि तथा पशुजन्य वस्तुहरुको उत्पादनमा वृद्वि गर्न कृषि/पशु विकास, दुग्ध उत्पादन सहकारीको प्रवर्द्धन र विकासलाई प्राथमिकता दिइनेछ ।उत्कृष्ट कृषक सम्मान तथा प्रोत्साहन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।कृषि मेला तथा प्रदर्शनीहरु आयोजनामा सरोकारवालाहरुसंग समन्वय र सहकार्य गरिनेछ । साथै विद्यालयहरु सँगको सहकार्यमा सिकाई केन्द्र साथै कृषि खेती कार्यक्रम सञ्चालन गरिनेछ।

५. जैविक विविधताको प्रवर्द्धन र संरक्षण गर्दै जलवायु परिवर्तन अनुकूल प्रविधिहरुको विकास गरी कृषिजन्य उत्पादनमा प्राङ्गारिक/रैथाने बालीको खेतीलाई प्रोत्साहन गरिनेछ। साथै यस पालिका भित्र उत्पादन भएका कृषि तथा पशुजन्य उत्पादन/सामाग्री बिक्री वितरणमा सहयोग पुर्याउन कोशेली घर स्थापना गरिनेछ।गाउँपालिकाभित्र रहेका कृषक/कृषि समूह/सहकारी र फर्मलाई कृषि यान्त्रिकरण वा अन्य सामाग्रीहरु, बीउबिजन, घाँस उत्पादन गर्न आवश्यक पर्ने सहयोग उपलब्ध गराईनेछ। घाँस नर्सरी तथा अन्य बिरुवा  नर्सरी स्थापनामा जोड दिईनेछ।

६. नश्ल सुधार कार्यक्रमलाई प्रभावकारी बनाउन उन्नत जातका बोका, राँगो, बीर (बंगुर) समूह/सहकारी/फर्मलाई वितरण गर्नुका साथै कृत्रिम गर्भाधान गराउने कार्यको सुरुवात गरिनेछ।

७. पशु स्वास्थ्य घुम्ती शिविर कार्यक्रमलाई निरन्तरता दिइनेछ। जनचेतनामूलक कार्यक्रम संचालन तथा गाउँपालिकामा आधारभूत भेटेरिनरी प्रयोगशाला संचालनमा ल्याइनेछ। पशु/कृषि बिमा गर्ने समूह वा संस्थालाई प्रोत्साहन गरिनेछ।

**सहकारी**

८. स्थानीय सहकारीहरुसँग प्रवर्द्धनात्मक कार्यमा सहकार्य गर्दै मूल्य शृंखलामा काम गर्ने सहकारीहरुको (कृषि तथा उत्पादनमुखी) विकास एवं प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ।

९. उद्यमशीलता विकासका लागि गाउँपालिकाभित्र स्थानीय स्रोत, साधन र सीपको परिचालन गरिनेछ ।स्थानीय स्तरमा सञ्चालित सहकारी तथा वित्तीय संस्थासँगको सहकार्यमा उद्यमीहरुको लागि सहुलियत कर्जा कार्यक्रम साझेदारीमा सञ्चालन गरी रोजगार प्रवर्द्धन गर्न आवश्यक कार्य गरिनेछ।

१०. गाउँपालिकामा सञ्चालित तथा सूचीकृत सहकारीहरुको अनुगमन गरी सहकारी व्यवस्थापन तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।सवै सहकारीहरुलाई कोपो मिसमा आवद्ध गरी नियमित अनुगमनको व्यवस्था मिलाईनेछ।

**उद्योग व्यापार पर्यटन तथा रोजगार**

११. गाउँपालिकामा स्थापना भएको उद्योगग्रामलाई सञ्चालनमा ल्याउन न्यूनतम पूर्वाधार निर्माण गरीनेछ । उद्योगि तथा व्यवसायीहरुलाई उद्योगग्राम क्षेत्रभित्र उद्योग व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

१२. स्वयमसेवा कार्यक्रम मार्फत विकासका कार्यक्रमहरुमा स्थानीय समुदायको सहभागितामा बृद्धि गर्ने कार्यमा प्राथमिकता दिईनेछ। नागरिकहरुमा सकारात्मक सोच अभिवृद्धि तथा नागरिक जिम्मेवारी बोध गराउनका लागि संस्कार पाठशाला कार्यक्रमलाई समुदायस्तरमा पुर्याउन आवश्यक कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ।

१३. पर्यटन क्षेत्रको विकासको लागि गाउँपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्रहरुको सम्भाव्यता अध्ययन गरिनेछ । गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका घरबास (Home Stay) हरुको प्रचारप्रसारका साथै प्रभावकारी व्यवस्थापनमा जोड दिइनेछ ।

१४. आन्तरिक रोजगारी प्रबर्द्धनका लागि स्थानीय तहबाट उपलब्ध हुने रोजगारीको अवसरहरुको बारेमा सूचना प्रवाह गरी सूचीकृत बेरोजगार ब्यक्तिहरुलाई रोजगारीमा पहुँच बृद्धि गरिनेछ। जनशक्ति प्रक्षेपण, विकास एवं व्यवस्थापन गर्दै नेपाल सरकारको आधिकारीक जव प्रोभाईडिङ Platform 'श्रम संसार' प्रणाली मार्फत रोजगारदाता र रोजगार खोज्ने व्यक्तिबीच समन्वय तथा रोजगार मेलमिलाप (Job Matching) सेवा सञ्चालन गरिनेछ।

१५. राष्ट्रिय रोजगार आयोजना तथा राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम कार्यान्वयनको लागि ज्याला रकम एवंम् लागत साझेदारी गरिनेछ। गाउँपालिकामा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गराउनका लागि सार्वजनिक पूर्वाधार निर्माणका कार्यहरुमा सूचीकृत बेरोजगार ब्यक्तिहरुलाई प्राथमिकता दिई सामाजिक सुरक्षाको प्रत्याभूति गराईनेछ।

१६. रोजगार सेवा केन्द्रलाई रोजगार, सीप तथा उद्यमशिलता प्रवर्द्धन केन्द्रको रुपमा परिमार्जन गर्दै पालिकास्तरबाट सन्चालित हुने मागमा आधारीत सीप, तालिम, उद्यमशिलता तथा आन्तरिक रोजगारी सिर्जना सम्वन्धी काम एकिकृत रुपमा यसै केन्द्र मार्फत संचालन गरिनेछ। यसका लागि गाउँपालिकाभित्र रहेका बेरोजगार तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको वडा तहबाट तथ्याङ्क सङ्कलन, दर्ता, डिजिटल अभिलेखीकरण र अद्यावधिक गर्दै नियमित अनुगमन गरिनेछ।

१७. आन्तरिक रोजगारी प्रर्वद्धन गर्न र रोजगारीमा पहुँच बढाउन श्रम बजारको आवश्यकता अनुसार आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार, युवा, महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायलाई सिप मुलक ब्यबसायिक तालिम तथा पुनःसिप (Re-skilling) कार्यक्रम संचालन गरिनेछ। सीप भएका तथा सीप प्रमाणिकरणको आधिकारिक कागजात नभएका व्यक्तिहरुको निःशुल्क सीप परिक्षण गर्दै दक्ष कामदारको उत्पादन तथा नक्सांकन गरिनेछ ।

१८. आप्रवासी कामदार तथा तिनीहरूको परिवारको अधिकारको सुनिश्चित गर्ने नीति लिईने छ। सामी परियोजनाद्वारा सञ्चालन हुने मनोसामाजिक परामर्श र वित्तीय साक्षरता कार्यक्रमलाई थप बैज्ञानिक र प्रभावकारी तुल्याई निरन्तरता दिइनेछ। वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई सहजीकरण गरिनेछ र

वैदेशिक रोजगार बोर्डले प्रदान गर्ने आर्थिक, कानुनि सहायता, छात्रवृत्ति, समस्यामा परेका युवाहरुलाई उद्धार र क्षतिपुर्ति लगायत सहायता कार्यक्रममा सहजीकरण गरिनेछ। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका तर वैदेशिक रोजगार बोर्डबाट आर्थिक सहायता नपाउने परिवारका छोरा छोरीहरुलाई माध्यमिक तहसम्मको शिक्षालाई निरन्तरता दिनको लागि आर्थिक सहायता प्रदान गर्ने नीति लिइनेछ ।

१९. वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूको सीप, अनुभव र माग अनुसार रोजगार सूचना, करियर काउन्सिलिङ र सामाजिक तथा आर्थिक पुनःएकीकरण गर्न सहजीकरण गरिनेछ। स्थानीय स्तरमा स्वरोजगार तथा रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरी उनीहरूको पहुँच सुनिश्चित गरिनेछ। उद्यम स्थापना गर्न सहुलियत ऋण एवम् सीप तालिम लगायतका सहयोग प्रदान गर्नुका साथै सुरक्षित् मर्यादित तथा उत्पादनशिल रोजगारीको प्रवर्धन गर्न निजि क्षेत्र, सहकारी, संघ तथा प्रदेश सरकारसँग समन्वय तथा लागत साझेदारी गरिनेछ।

# सामाजिक विकास

**शिक्षा**

१. शैक्षिक गुणस्तर सुदृढीकरणका लागि शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि (TPD) लाई मुख्य प्राथमिकता दिइनेछ। परम्परागत र सैद्धान्तिक तालिम ढाँचालाई परिमार्जन गरी विद्यालयमै आधारित व्यावहारिक कार्यशाला, कार्यमूलक अनुसन्धान (Action Research) र समकक्षी सिकाई (Peer Learning) लाई प्रोत्साहन गरिनेछ।

२. "अङ्क मात्र होइन आधार, मूल्याङ्कनको कसि अब व्यावहारिक सुधार " भन्ने नारालाई प्राथमिकतामा राख्दै सिकाइ व्यवहारमा रूपान्तरण भए/नभएको मापन गर्न मूल्यांकन प्रणालीमा व्यापक सुधार गरिनेछ। विद्यालय तथा शिक्षकहरुलाई विद्यार्थीको व्यवहार परिवर्तनकोलागि जिम्मेवार बनाइनेछ । विज्ञान, गणित र सामाजिक अध्ययन जस्ता विषयहरूको सिकाईलाई कक्षाकोठा बाहिरको समाजसँग जोड्न "परियोजनामा आधारित सिकाई" (PBL) लाई शिक्षण विधिको अनिवार्य हिस्सा बनाइनेछ।

३. विद्यालयको समग्र विकास र शैक्षिक सुशासनमा स्थानीय समुदायको अपनत्व बढाउन 'हाम्रो विद्यालय, हाम्रो जिम्मेवारी' अभियान अन्तर्गत विद्यालय व्यवस्थापन समिति (SMC) र शिक्षक अभिभावक संघ (PTA) लाई उत्तरदायी र क्षमतावान् बनाइनेछ। प्रत्येक त्रैमासिकमा अनिवार्य रूपमा 'अभिभावक-शिक्षक अन्तर्क्रिया तथा विद्यार्थी प्रगति समीक्षा दिवस' आयोजना गर्ने व्यवस्था मिलाइनेछ। विद्यालयको प्रशासनिक र आर्थिक पारदर्शिताका लागि सामाजिक परीक्षण (Social Audit) र सार्वजनिक सुनुवाइमा अभिभावकहरूको अर्थपूर्ण सहभागिता गराईनेछ।

४. किशोरीहरूको नियमित उपस्थिति र स्वास्थ्य रक्षाका लागि विद्यालयहरूमा वातावरणमैत्री सेनेटरी प्याडको निरन्तर उपलब्धता, उचित विसर्जन सयंन्त्र, र महिनावारी स्वच्छता सम्बन्धी

सचेतना कार्यक्रम हरूलाई प्रभावकारी बनाइनेछ। विद्यार्थी हरूको मानसिक तनाव न्यूनिकरणका लागि मनोसामाजिक परामर्श (Counseling) सेवाको प्रारम्भ गरिनेछ।

५. गाउँपालिका क्षेत्र भित्र स्थापना भएका एवंम् हुने प्राविधिक शिक्षालयहरुको विकासमा टेवा पुर्याइनेछ । मेरै गाउँमा मेरै प्राविधिक कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ । गाउँपालिका भित्रका सबै वडाका विपन्न तथा जेहेन्दार विद्यार्थीहरुका लागि प्राविधिक शिक्षाको छात्रवृति व्यवस्था मिलाइनेछ ।

६. विषयगत शिक्षक समुह गठन गरी प्रभावकारी परिचालन गरिनेछ ।शिक्षकहरु बिच सिकाइ अनुभव आदान प्रदान गरी शिक्षक नेटवर्किङ प्रणालीलाई प्रभावकारी बनाउने नीतिलाई निरन्तरता दिइनेछ।शिक्षक तथा विद्यार्थीहरुलाई खोज, अनुसन्धान तथा नवपर्वतनको लागि उत्प्रेरीत गर्न प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

७. सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अभिन्न अंगको रूपमा एकीकृत गर्दै विद्यालयमा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने व्यवस्था गरिनेछ।

८. नेतृत्व सबलीकरण तथा अभिभावकको अपनत्व सिर्जना गर्दै सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणका लागि सरोकारवालाहरूको सक्रिय सहभागितामा अल्पकालीन तथा दीर्घकालीन लक्ष्य किटान गरी सार्वजनिक शिक्षा प्रणाली सबलीकरण अभियान सञ्चालन गरिनेछ। शिक्षक सहयोग प्रणालीको विकास गरी शिक्षकको पेसागत विकास,विद्यालय सुपरिवेक्षण तथा अनुगमनलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

९. गाउँपालिका भित्र एउटा विद्यालयलाई सुविधा सम्पन्न Big School को रुपमा अगाडी बढाइ अभिभावक तथा विद्यार्थीको रोजाइको विद्यालयको रुपमा विकास गरिनेछ । भौगोलिक दुरी बढी र न्युन विद्यार्थी भएका विद्यालयहरुलाई समयोजन गरी आवासिय विद्यालयको विकास गरिनेछ । भौगोलिक अवस्था, विपन्नता, वा अपाङ्गताका कारण बालबालिकाहरू बीचमै विद्यालय छोड्ने(Drop-out) प्रवृत्तिको अन्त्य गर्न लक्षित सीमान्तकृत समदुाय र अपाङ्गता भएका विद्यार्थीका लागि विषेश "यातायात/आवास तथा शैक्षिक सामग्री छात्रवत्तृि" को व्यवस्था गरिनेछ।

१०. कक्षा ८ को  बार्षिक परीक्षालाई गाउँपालिका स्तरमा सञ्चालन गरी प्रमाणिकरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।अन्य कक्षाका परीक्षाहरु समेत पालिका भित्र एकरुपता कायम गरी निःशुल्क रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।विद्यालयहरुको स्तरीकरण गरिनुका साथै विद्यार्थीहरुको सिकाइ उपलब्धिको परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

११. शिक्षा शाखा र विद्यालयका प्र.अ विद्यालयका प्र.अ र विषयगत शिक्षकहरु बिच कार्य सम्पादन करार सम्झौता गरी विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय पक्षलाई प्रभावकारी बनाइनेछ।आगामी २०८५ साल सम्मलाई शैक्षिक गुणस्तर सुधार बर्षको रुपमा लिदै शैक्षिक सुधारका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. विद्यार्थीहरुमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्न नियमित रुपमा विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप साथै विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ ।राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई थप व्यवस्थित बनाइनेछ ।

१३. विद्यार्थीहरूलाई प्रकृतिसँग जोड्न र वातावरणीय चेतना अभिवृद्धि गर्न पालिका भित्रका सबै सामुदायिक विद्यालयहरूमा 'एक विद्यालय, एक हरित उद्यान' कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालय हाताभित्र वृक्षारोपण, बगैंचा निर्माण र रैथाने जडीबुटी उद्यान स्थापना गरिनेछ ।

१४. अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयनमा जोड दिइनेछ । विद्यालय बाहिर रहेका विद्यालय उमेर समुहका बालबालिकाहरुलाई विद्यालय शिक्षामा आवद्व गर्न आवश्यक व्यवस्था गरिनेछ । सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास गरी अनौपचारीक शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालनको लागि सक्षम बनाइनेछ ।विभिन्न प्रकारका आपतकालिन अवस्थामा समेत सिकाइलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाइनेछ । विविध कारणबाट हुने शैक्षिक क्षतिको आपुरण गर्ने प्रवन्ध गरिनेछ ।

१५. प्रारम्भिक बालविकास सहजकर्ता, विद्यालय कर्मचारी, विद्यालय सहयोगी तथा सामुदायिक सिकाइ केन्द्रमा कार्यरत सामुदायिक परिचालकहरुको कार्यसम्पादनलाई प्रभावकारी बनाउन प्रोत्साहन गर्ने नीति लिइनेछ ।

## युवा तथा खेलकुद

१. युवाहरुमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।विभिन्न क्षेत्रमा सक्रिय भई बौदीकाली गाउँपालिकालाई राष्टिय तथा अन्तराष्ट्रिय क्षेत्रमा चिनाउन सफल युवाहरुलाई प्रोत्साहन तथा सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।

२. बौदीकाली गाउँपालिकाको पहिचानको रुपमा विकास भएको भलिबल खेलको विकासमा जोड दिइनेछ । यस क्षेत्र भित्र खेल्न सकिने अन्य खेलहरुको सम्भावना खोजी गरी विकास र संरक्षणको लागि प्रभावकारी व्यवस्था मिलाइनेछ ।

३. अध्यक्षकप खेलकुद प्रतियोगितालाई व्यवस्थित र परिस्कृत गर्दै बौदीकाली खेल महोत्सवको रुपमा अगाडी बढाइएकोमा यस कार्यलाई निरन्तरता दिईनेछ।

४. एक वडा एक खेलमैदानको नीति लिई प्रत्येक वडाहरुमा भौगोलिक अवस्था अनुसारका खेलमैदान निर्माण गर्ने लक्ष्य लिइनेछ ।गाउँपालिकाको उपयुक्त स्थानमा आधुनिक सुविधा सम्पन्न कभर्ड हल निर्माण गरिनेछ ।

५. "सक्षम युवा, समृद्ध समाज; स्वस्थ नागरिक, सबल पालिका" भन्ने मूल भावनाका साथ युवा तथा खेलकुद क्षेत्रको समग्र विकासमा जोड दिइनेछ। स्वस्थ जीवनशैलीको प्रवर्द्धनका लागि खेलकुद, योग, व्यायाम तथा मनोरञ्जनात्मक गतिविधिहरूलाई प्रोत्साहन गरिनेछ। सार्वजनिक-निजी साझेदारी तथा विभिन्न निकायसँगको समन्वयमा युवा तथा खेलकुद क्षेत्रको विकासलाई थप प्रभावकारी बनाइनेछ।

## खानेपानी व्यवस्थापन, आधारभूत स्वास्थ्य तथा सरसफाईः

१. गुणस्तरीय खानेपानीमा सबैको सर्बसुलभ पहुँच पुर्याउन एक घर एक धारा निर्माण गर्ने नीति लिइनेछ ।पानीका मुहान संरक्षणको व्यवस्था मिलाइनेछ ।खानेपानी उपभोक्ता समितिलाई थप सक्रिय र व्यवस्थित बनाउदै पालिकास्तिरय उपभोक्ता सञ्जाल गठन गरी प्रभावकारी कार्यसञ्चालनको व्यवस्था मिलाईनेछ ।

**लैंगिक समानता तथा सामाजिक सुरक्षा सम्बन्धी (लैंगिक समानता, बालबालिका, किशोर किशोरी तथा युवा, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिक)**

१. बौदीकाली गाउँपालिकालाई बालमैत्री स्थानीय तहको रुपमा विकास गर्न बालमैत्री स्थानीय शासन घोषणा गर्ने व्यवस्था मिलाइनेछ । गाउँपालिकास्तरीय बाल सञ्जाल गठन गरी क्षमता विकास तथा नैतिक शिक्षाको समेत विकास हुने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. महिला हिंसा, महिला शोषण तथा उत्पिडनका बिरुद्ध जनचेतना जगाइ नियन्त्रणको लागि विशेष व्यवस्था गरिनेछ ।महिला हिंसा बिरुद्धको १६ दिने अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।महिला अधिकारको संरक्षण र प्रर्वद्धन तथा महिला शसक्तिकरणको लागि स्थानीय संघ संस्था आमा समुहहरु परिचालन गरिनेछ ।

३. महिला तथा बालबालिकाको संवैधानिक तथा कानुनी अधिकारको संरक्षण, प्रवर्द्धन र सुनिश्चिततामा विशेष जोड दिइनेछ। महिला सशक्तीकरणका लागि सीपमुलक तालिम, नेतृत्व विकास तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४. “सुरक्षित बालबालिका, सशक्त महिला; समृद्ध र सभ्य समाजको आधार” भन्ने मूल मान्यताका साथ महिला तथा बालबालिकाको सर्वाङ्गीण विकासमा जोड दिइनेछ।विभिन्न टोलहरुमा गठन भएका आमा समुहरुलाई गाउँपालिकामा सूचीकृत गरीनेछ ।आमा समुहहरुको पालिकास्तरिय सञ्जाल गठन गरी सामाजिक कार्यमा परिचालन गर्ने नीति लिईनेछ ।

५. महिला, बालबालिका, जेष्ठ नागरिक तथा वेबारिसे व्यक्तिहरुको संरक्षणका लागि आवश्यक उद्धार, पुनःस्थापना, परामर्श तथा मनोसामाजिक सहयोग सेवा उपलब्ध गराइनेछ।

६. महिला, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, धार्मिक समुदाय, जनजाती, बालबालिका, आदिबासी, एकल महिला लगायतका वर्ग र समुदायहरुको विकासको मूलप्रवाहमा पहुँच पुर्याउन क्षमता विकास, आयआर्जन, सशक्तिकरण, अधिकार संरक्षणको आवश्यक व्यवस्था मिलाइनेछ ।

७. समुदायस्तरमा रहेका विभिन्न प्रकारका भवनहरुलाई जेष्ठ नागरिक दिवा सेवा केन्द्रको रुपमा विकास गरी जेष्ठ नागरिकको ज्ञान, सीप तथा अनुभवहरु नयाँ पुस्तामा हस्तान्तरण गर्ने व्यवस्था मिलाइनेछ ।

**गैरसरकारी संस्था परिचालन, समन्वय तथा नियमनः**

१. गाउँपालिका भित्र सेवा प्रवाह गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थाको कार्य सम्पादनलाई मर्यादित, व्यवस्थित तथा समन्वयकारी बनाउन गाउँपालिकामा NGO Desk को स्थापना गरी क्रियाशिल बनाइनेछ । गैर सरकारी सँस्थाहरुले गर्ने कार्यलाई थप व्यवस्थित बनाउन गैर सरकारी सँस्था परिचालन नीति तर्जुमा गरी कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

२. यस गाउँपालिका भित्र कार्यक्षेत्र राखी क्रियाशिल रहेका गैरसरकारी सँस्थाहरुले यस गाउँपालिका भित्र परिचालन गर्ने कार्यक्रमहरुलाई गाउँपालिकाको वार्षिक कार्यक्रम भित्र समावेश गर्ने कार्यको सुरुवात गरिनेछ ।

**स्वास्थ्य तथा पोषण**

३. 'रोकथाम उपचारभन्दा प्रभावकारी हुन्छ' भन्ने मान्यतालाई आत्मसात् गर्दै स्वास्थ्य प्रवर्द्धनात्मक तथा रोग रोकथामसम्बन्धी कार्यक्रमलाई प्राथमिकता दिइनेछ। बौदीकाली आधारभूत अस्पतालमा विशेषज्ञ सहितको स्वास्थ्य सेवा उपलब्ध गराउने गरी क्षमता विकास गरिनेछ । महामारीको रुपमा आउने रोगहरुबाट तत्काल गाउँपालिकाबासीलाई बचाउन दुर्त प्रतिकार्य टोली (RRT) परिचालन गरी स्वास्थ्य शिक्षाका माध्यमबाट रोकथाम तथा प्रतिकार्यका उपायहरुलाई जनस्तरसम्म पुर्याइनेछ ।

४. स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार, उपकरण, औषधि तथा जनशक्तिको व्यवस्थापन र सुदृढीकरण गरिनेछ। मातृ तथा शिशु स्वास्थ्य सुधारलाई प्राथमिकता दिँदै सुरक्षित मातृत्व, नियमित गर्भ परीक्षण, संस्थागत सुत्केरी तथा नवजात शिशु स्वास्थ्य सेवाको प्रभावकारी सञ्चालन गरिनेछ।

५. गाउँपालिका भित्र रहेका सुत्केरी आमा तथा बच्चाको पोषण सुधार गरी निजहरुलाई पोषण सुधारमा अभिप्रेरित गर्न सुत्केरीसँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गरिनेछ ।

६. जटिल प्रकारका प्रसुतीलाई उच्च अस्पतालहरुमा रिफर गर्नु परेमा निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ । “स्वस्थ नागरिक, समृद्ध समाज” भन्ने मूल उद्देश्यका साथ स्वास्थ्य सेवाको गुणस्तर, पहुँच र प्रभावकारिता अभिवृद्धि गरिनेछ।

७. गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य स्वयं सेविकाहरुलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरुमा समूदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिनेछ । यसको लागि कार्यसम्पादनको मूल्यांकन गर्दै प्रोत्साहनका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

८. आयुर्वेदिक चिकित्सा पद्दतिको अभ्यास, योग तथा ध्यान शिविर संचालनमा सहयोग पुर्याइनेछ । गाउँपालिका भित्र आयुर्वेदको पूर्वाधार विकास गर्दै आयुर्वेधिक औषधिहरुको नियमित वितरणको व्यवस्था मिलाइनेछ ।

९. गाउँपालिका भित्रका सबै नागरिक तथा परिवारलाई स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गराउनका लागि प्रोत्साहन गरिनेछ । दीर्घ रोगी एवं जेष्ठ नागरिकहरुको स्वास्थ उपचार घर घरमा गई गर्ने कार्यलाई निरन्तरता दिईनेछ। गाउँपालिका भित्र सञ्चालनमा रहेका औषधी पसलहरुको नियमित अनुगमन तथा नियमन गरिनेछ ।

१०. सुनौलो हजार दिनका महिला (गर्भवती तथा सुत्केरी) ५ वर्ष मुनिका बालबालिका र किशोरीहरुको पोषण अवस्थामा सुधार ल्याउन संघीय सरकारसँगको साझेदारीमा विगत वर्ष देखि सञ्चालित बहु क्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै पोषण मैत्री कार्यक्रमहरुलाई सबै शाखाहरुका कार्यहरुमा मूल प्रवाहिकरण गर्दै लगिनेछ ।

११. बहुक्षेत्रीय पोषण योजना तेस्रो (MSNP-III) तथा पोषणमैत्री स्थानीय शासनलाई संस्थागत गर्दै गर्भवती महिला, सुत्केरी आमा, किशोरी तथा बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन स्वास्थ्य, कृषि, शिक्षा, खानेपानी तथा सरसफाई,महिला तथा सामाजिक विकास क्षेत्रवीच समन्वय र सहकार्यमा आधारित कार्यक्रम संचालन गरिनेछ। पोषण सम्बन्धी कार्यक्रमका लागि आवश्यक बजेट सुनिश्चित गरी पोषणयुक्त, स्वस्थ र समृद्ध पालिका निर्माण गरिनेछ ।

**भाषा, साहित्य, कला, संस्कृति तथा सम्पदा**

१२. बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस, स्थानीय मौलिक संस्कृति, भेषभुषा संरक्षण एवं प्रवर्धन गर्न र उक्त दिवसहरुमा नैतिक शिक्षा, योग साधनाको महत्व सान्दर्भिकताका विषयमा चेतना जगाउने र जनसहभागिता बढाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै सबै जातजातिको साहित्य, कला, भाषा, इतिहास, संस्कृतिको संरक्षण तथा संवर्धन गर्दै लगिनेछ ।

१३. बौदीकाली गाउँपालिका भित्रका ऐतिहाँसिक सांस्कृतिक पुरातात्विक तथा सार्वजनिक सम्पदाहरुको प्रचार- प्रसार गरी विकास, संरक्षण र प्रर्वद्धनमा जोड दिइनेछ । गाउँपालिका भित्र उपयुक्त स्थान छनोट गरी संस्कृति संग्राहलयको स्थापना तथा विकास गरिनेछ ।

# पूर्वाधार विकास

१. हाल सञ्चालनमा रहेका सडकहरूको स्तरोन्नति, ग्राभेल तथा कालोपत्रे गरी All Weather Road निर्माणलाई प्राथमिकता दिईनेछ । सबै वडा कार्यालयदेखि गाउँपालिका केन्द्रसम्मको पहुँच सडकलाई क्रमशः स्तरोन्नति गर्दै लगिनेछ । कृषि उत्पादन तथा सेवा पहुँचलाई ध्यानमा राखी आवश्यक स्थानमा मात्र कृषि सडक पहिचान गरी योजनाबद्ध रूपमा विस्तार गरिनेछ।

२. गाउँपालिकाभित्र निर्माण तथा सञ्चालनमा रहेका सडकहरूको अभिलेखीकरण, वर्गीकरण तथा सडक लगत कट्टा (Road Right of Way/Asset Regularization) प्रक्रिया सुरुवात गरी सडक व्यवस्थापनलाई व्यवस्थित गरिनेछ । सडक निर्माणसँगै नाली, संरक्षण संरचना तथा जलनिकास सहित नियमित सडक मर्मत कार्यक्रम सञ्चालन गरी सडक सम्पत्तिको संरक्षण गर्ने व्यवस्था मिलाइनेछ।

३. गाउँपालिकाको दीर्घकालीन विकासमा प्रभाव पार्ने बहुवर्षीय तथा गौरवशाली योजनाहरूलाई प्राथमिकता दिईनेछ ।समानुपातिक, सन्तुलित तथा आवश्यकतामा आधारित विकास सुनिश्चित गर्ने नीति अवलम्बन गरिनेछ। आमा समूह तथा अन्य संघ—संस्थाका भवन निर्माणमा प्रत्यक्ष बजेट विनियोजनलाई निरुत्साहित गर्दै उपलब्ध स्रोतलाई सार्वजनिक सेवा संरचनामा केन्द्रित गर्ने नीति लिईनेछ ।

४. वडा कार्यालय, स्वास्थ्य चौकी, विद्यालय लगायतका सार्वजनिक संरचनाको निर्माण तथा स्तरोन्नतिलाई प्राथमिकता दिईनेछ । मर्मत आवश्यक रहेका भवन तथा संरचनाहरू पहिचान गरी नियमित मर्मत कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालयमा आवश्यकताअनुसार सभाहल निर्माण तथा बहुउद्देश्यीय शैक्षिक संरचना विकासमा जोड दिईनेछ ।

५. जनताको जीवनस्तर उठ्नेसाधन र ,स्थानीय बासिन्दाको सहकार्य जुट्ने र स्थानीय स्रोत , दिगो विकास र वातावरण संरक्षण तथा संवर्द्धनमा सघाउ पुग्ने आयोजना ,सीपको प्रयोग हुने तथा कार्यक्रमलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ।

६. ड्रोन, GIS तथा डिजिटल प्रविधिको प्रयोगमार्फत विकास आयोजनाको अनुगमन तथा अभिलेखीकरण गर्ने व्यवस्था मिलाईनेछ ।गाउँपालिकाको पहिचान प्रवर्द्धनका लागि प्रत्येक गाउँका विकास गतिविधि, पर्यटकीय सम्भावना तथा सामाजिक अवस्थाको फोटो तथा भिडियो अभिलेख तयार गरी डिजिटल माध्यमबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाईनेछ । योजनाहरू समयमै सम्झौता तथा कार्य प्रारम्भ गरी कम्तीमा २०८३ चैत्र मसान्तभित्र सम्पन्न गर्ने गरी कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न Civil Lab स्थापना तथा सामग्री परीक्षण प्रणाली विकास गरिनेछ ।

७. सार्वजनिक निर्माणको कार्यमा योजना छनौट देखि लागत अनुमानयोजना कार्यान्वयन तथा , सबै जनसमुदाय तथा सरोकारवाला ,महिला ,योजना सम्पन्न हुने हरेक चरणमा जनप्रतिनिधि पक्षको प्रत्यक्ष सहभागिता हुने गरी काम गर्नेनीतिलाई निरन्तरता दिईनेछ।

# वन, वातावरण तथा विपद् ब्यवस्थापन

१. वन र जैविक विविधताको संरक्षण तथा विकासलाई उच्च प्राथमिकता दिँदै वृक्षारोपण, वन विविधिकरण र बहुउपयोगमार्फत वातावरणीय जोखिम न्यूनीकरण गरिनेछ। सामुदायिक वनको व्यवस्थापनमा सुधार ल्याउन गाउँपालिकास्तरीय समिति गठन गरी विकास आयोजनाहरूमा साझेदारी गरिनेछ। वन क्षेत्रलाई कृषि तथा पर्या-पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रमहरूसँग आबद्ध गरी कार्यान्वयन गरिनेछ।

२. गाउँपालिकालाई स्वच्छ र हरियाली बनाउन वृक्षारोपणलाई अभियानको रूपमा सञ्चालन गरिनेछ। महाभारत क्षेत्रमा गुराँस लगायतका रैथाने प्रजाति र पहिरोग्रस्त क्षेत्रमा भू-क्षय रोक्ने अम्रिसो जस्ता आयमूलक बिरुवाहरूको रोपण गरी पर्या-पर्यटन र आयआर्जनलाई सँगसँगै अगाडि बढाइनेछ। सडक सौन्दर्यकरण कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।

३. विकास निर्माणका कार्यलाई वातावरण-मैत्री बनाउन संक्षिप्त वातावरणीय अध्ययन (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को आधारमा आयोजना कार्यान्वयन गर्ने परिपाटीको सुरुवात गरिनेछ। वातावरणीय सन्तुलनका लागि गाउँपालिका क्षेत्रभित्र प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। गाउँपालिका क्षेत्रभित्र संकलित फोहोरको वर्गीकरण, पुनःउपयोग र पुनःचक्रण (Recycling) गरिनेछ। संकलित फोहोरको दिगो व्यवस्थापनका लागि ल्याण्डफिल्ड साइटको पहिचान र विकास गरी उचित किसिमले फोहोर व्यवस्थापन गरिनेछ।

४. विपद् व्यवस्थापन कार्यलाई व्यवस्थित बनाउन "बौदीकाली विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना" निर्माण गरी कार्यान्वयन गरिनेछ। प्राकृतिक प्रकोपको सम्भाव्यता अध्ययन गरी विपद् जोखिम नक्साङ्कन गरिनेछ। विपद् प्रभावितहरूको तत्काल उद्धार, राहत र पुनस्थापनाका लागि विपद् व्यवस्थापन कोषमा पर्याप्त बजेट विनियोजन गरिनेछ। विपद् प्रतिकार्य तथा उद्धारमा स्थानीय स्वयंसेवक परिचालन गर्न स्वयंसेवक छनोट तथा आवश्यक क्षमता विकास सम्बन्धी तालीमहरु सञ्चालन गरिनेछ ।

५. आपतकालीन समयमा सूचना व्यवस्थापन, खोज-उद्धार तथा राहत वितरणलाई प्रभावकारी बनाउन स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) को सुदृढीकरण गरिनेछ। सरोकारवाला निकायसँगको समन्वयमा आकस्मिक हवाई उद्धारका लागि हेलिप्याड निर्माण कार्यलाई प्राथमिकता दिइनेछ र 'आपतकालीन सम्पर्क सूची' आम नागरिकको पहुँचमा पुर्‍याइनेछ।

६. विपन्न बस्तीहरूमा 'सुरक्षित नागरिक आवास कार्यक्रम' सञ्चालन गरिनेछ। गाउँपालिका क्षेत्रभित्र रहेका जोखिमयुक्त घरहरूको तथ्याङ्क सङ्कलन गरी जस्तापाता वितरणमार्फत 'जोखिमयुक्त घर रहित गाउँपालिका' बनाउने कार्यलाई निरन्तरता दिइनेछ।

७. भू-क्षय र नदी कटानको जोखिम भएका क्षेत्रहरूमा वृक्षारोपण, जैविक इन्जिनियरिङ (Bio-Engineering) र तटबन्धका माध्यमबाट भू-संरक्षण गरिनेछ। वर्षातको समयमा हुने डुबान कम गर्न वातावरणीय अध्ययनका आधारमा नदीजन्य पदार्थ उत्खनन गरी खोला एकीकृत (River Channelization) गरिनेछ। गाउँपालिकाभित्रको नदीजन्य पदार्थको उत्खनन, अन्वेषण, ढुवानी तथा बिक्री-वितरणलाई व्यवस्थित गरिनेछ।

८. गाउँपालिकाभित्रका लोपोन्मुख वन्यजन्तुको संरक्षणका लागि जनचेतना अभिवृद्धि गरिनेछ। अवैध रूपमा हुने वन्यजन्तु चोरी-शिकारी तथा नदीहरूमा करेन्ट र विषादी प्रयोग गरी माछा र जलचर मार्ने कार्यलाई नियन्त्रण गर्न आवश्यक स्थानीय कानुन निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

# सुशासन तथा संस्थागत विकास

## स्थानीय सुरक्षा र नगर प्रहरी व्यवस्थापन

- गाउँपालिका क्षेत्रभित्रका सरकारी, सार्वजनिक एवं सामुदायिक सम्पत्तिको संरक्षण, स्थानीय स्तरमा हुने मेला, जात्रा, चाडपर्व तथा सभा-समारोहको सुरक्षा स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख, सरसफाइ प्रवर्द्धन, न्यायिक समितिको निर्णय कार्यान्वयन, सार्वजनिक जग्गाको अतिक्रमण नियन्त्रण, छाडा पशुचौपाया व्यवस्थापनका साथै विपद् व्यवस्थापन (खोज, उद्धार, राहत र पुनर्स्थापना) लगायतका कार्यहरुमा सहयोग पुर्याउन गाउँपालिकामा नगर प्रहरी नियुक्त गरी परिचालन गरिनेछ ।
- स्थानीय सेवा व्यवस्थापन तथा मानव संसाधन विकास
- प्रदेश कानुनको अधिनमा रही गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई छिटो, छरितो र सुलभ बनाउन आवश्यक जनशक्तिको उचित व्यवस्थापन, पदस्थापना र वृत्तिविकासको सुनिश्चितता गरिनेछ।
- गाउँपालिका र मातहतका कार्यालयहरूमा सेवा लिन आउने सेवाग्राहीहरूलाई सहजता प्रदान गर्न र सेवा प्रवाहको मार्गचित्र बुझाउनलाई सुरुवात गरिएको "नागरिक सहायता कक्ष (Citizen Help Desk)" लाई थप व्यवस्थित रुपमा सञ्चालन गरिनेछ। राष्ट्रसेवक कर्मचारीहरूको मनोबल उच्च बनाउन र सार्वजनिक सेवालाई नतिजामूखी बनाउन कार्यसम्पादनमा आधारित "दण्ड र पुरस्कार प्रणाली" लाई अभ्यासमा ल्याइनेछ । जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिनेछ।

## सूचना प्रविधि, डिजिटल सुशासन र संस्थागत क्षमता विकास

- गाउँपालिकाको कार्यप्रक्रिया र योजना कार्यान्वयनको वस्तुनिष्ठ लेखाजोखा गर्न आवधिक समीक्षा संयन्त्रको विकास गरिनेछ।

- अनलाइन नागरिकता सिफारिस प्रणाली (CCMIS) लाई थप प्रभावकारी, सुरक्षित र सेवाग्राहीमैत्री बनाई सञ्चालन गरिनेछ ।

- गाउँपालिकामा सुरुवात गरिएको "अनलाइन दर्ता चलानी प्रणाली" र "अनलाइन सिफारिस प्रणाली" लाई वडा कार्यालय र मातहतका सबै शाखाहरूमा पूर्ण रूपमा लागु गर्दै चिठ्ठीपत्र, सामाग्री र संस्थागत अभिलेख व्यवस्थापनलाई डिजिटल, सुरक्षित र पेपरलेस (Paperless) बनाइने कार्यलाई प्राथमिकता दिइनेछ।

- सेवाग्राहीलाई डिजिटल माध्यमबाट सेवा र प्रक्रियाबारे जानकारी दिन गाउँपालिका तथा मातहतका सबै कार्यालय परिसरमा "डिजिटल नागरिक बडापत्र (Digital Citizen Charter)" स्थापना गरिनेछ।

**सदाचार प्रवर्द्धन, गुनासो व्यवस्थापन र नागरिक सहभागिता**

- नागरिकले अनुभूती गर्न सक्ने स्तरको सुशासन कायम गर्न कार्यालय र सेवाग्राहीबीच सुमधुर अन्तरसम्बन्ध स्थापना गरिनेछ। नागरिकका गुनासाहरूलाई तत्काल सुन्ने र सम्बोधन गर्नका लागि "हेलो गाउँपालिका" हटलाइन तथा डिजिटल गुनासो पेटिका व्यवस्था गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।

- कार्यालयको दैनिक कामकारबाहीलाई खुला, पारदर्शी र जवाफदेही बनाइनेछ। भ्रष्टाचार र अनियमितताप्रति "शून्य सहनशीलता (Zero Tolerance)" को नीति लिईनेछ । गाउँपालिकाका हरेक ठूला विकास योजना र नीति निर्माणमा स्थानीय नागरिक, बुद्धिजीवी र सरोकारवालाहरूको सहभागिता र परामर्श लिने परिपाटीको विकास गरिनेछ ।

**वित्तीय पारदर्शिता र उत्तरदायित्व**

- स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले उपलब्ध सार्वजनिक स्रोत र साधनको प्रभावकारी, पारदर्शी र न्यायोचित परिचालन गर्दै सेवाको गुणस्तर सुनिश्चित गरिनेछ। जवाफदेहीताको प्रवर्द्धनका लागि प्रत्येक चौमासिकमा गाउँपालिकास्तरीय सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरिनेछ। साथै, प्रत्येक महिनाको आय-व्ययको विवरण महिना समाप्त भएको एक हप्ताभित्र सार्वजनिक गर्ने व्यवस्था मिलाईनेछ ।

- गाउँपालिकाका सूचना, सूचनामूलक सन्देश, निर्णय र अनुरोधहरू गाउँपालिकाबासी समक्ष द्रुत गतिमा पुऱ्याउन आधिकारिक वेबसाइट, मोबाइल एप र सामाजिक सञ्जालहरूलाई सक्रिय, बनाइनेछ।

- स्थानीय बजार व्यवस्थापन र उपभोक्ता हित संरक्षण

- बौदीकाली गाउँपालिका भित्र उत्पादित स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासीलाई सहज बनाइनेछ ।स्थानीय बजारलाई प्रवर्द्धन गरी व्यवस्थित गराउन उद्योग वाणिज्य संघ लगायतका सरोकारवाला संघ-संस्थाहरूसँग सहकार्य गरिनेछ।

- स्थानीय बजारहरुको अनुगमन कार्यलाई नियमित, सघन र प्रभावकारी बनाईनेछ। गाउँपालिका क्षेत्रभित्र सञ्चालित व्यापारिक फर्महरूको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन प्रणालीलाई कानुनी दायराभित्र ल्याई व्यवस्थित गराइनेछ।

**सभाका सदस्यहरू,**

अन्त्यमा, यो नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नुहुने गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सबै वडा अध्यक्षहरु, गाउँकार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरु, सम्पूर्ण विषयगत समिति सदस्यहरु, सकारात्मक सल्लाह र सुझाव दिनुहुने विभिन्न संघ संस्था र बौदीकालीमा क्रियाशील पार्टीहरुका प्रमुख तथा प्रतिनिधिहरु, समग्र बौदीकाली निवासी बुवाआमा, दाजुभाइ, दिदीबहिनीहरु तथा गाउँपालिकाका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्छु।

**धन्यवाद !**